लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

सूचना नं.- ११/०८२-८३

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना ॥

(सूचना प्रकाशित मिति: २०८२/०९/१८ गते)

कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्विकृत कार्यक्रम अनुसार कृषि, पशुपन्छी तथा सहकारी विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ मा भएको व्यवस्था बमोजिम तपशिल अनुसारको कार्यक्रममा सहभागी हुन इच्छुक बाँके जिल्ला भित्रका कार्यक्रम अनुसारका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८२/१०/०८ गते कार्यालय समयभित्र) तपशिलका आवश्यक कागजातहरु सहित खामबन्दी प्रस्ताव यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको अनुसूचि र कार्यविधि सम्बन्धी विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np बाट प्रास गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ। साथै उल्लेखित कार्यक्रममा विनियोजित बजेट संसोधन वा कट्टा भएमा सोहि अनुसार हुने बेहोरा समेत अनुरोध छ।

| क्र स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | अनुदान सिमा रकम/ प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | पकेट क्षेत्र विशेष स्वस्थ कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम | प्राङ्गारिक उत्पादन, प्रशोधन, प्याकेजिङ्ग, लेवलिङ्ग, बजारीकरण, प्रमाणीकरणसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने, क्षमता अभिवृद्धि/तालिम, सचेतना, प्रचार प्रसार, प्रदर्शनी भकारो सुधार/मलखाद सुधार, प्राङ्गारिक मल उत्पादन, जैविक विषादी, पासोहरु, औजार उपकरण आदी उपलब्ध गराउने । | कार्यालयले उपयुक्त स्थान छनोट गर्ने कृषक/फर्म/समूह/कृषि सहकारी/समितिको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने.<br>औपचारिक संस्था नभएमा कम्तीमा १५ घरधुरी समेटी कार्यक्रम सञ्चालन गर्न सकिने । | कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम संचालन गर्ने प्रति आयोजना अधिकतम रु. एक लाख सम्म खर्च गर्न सकिने | दोस्रो पटक प्रकाशित सूचना |
| २ | बीउ आत्मनिर्भर कार्यक्रम (दलहन,तेलहन र आलु) | उत्पादन सामाग्री स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, सुक्ष्मतत्व खरिद,<br><br>प्याकेजिङ्ग सामाग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद, भण्डारण सामाग्री तथा बजारीकरणमा सहयोग | बीउ आत्मनिर्भर कार्यक्रम न्यूनतम देहायको क्षेत्रफलमा संचालन गर्नुपर्ने<br>विजबृद्धि — क्षेत्रफल (कट्ठा)<br>दलहन/तेलहन बीउ — २०<br>आलु बीउ पि बि एस — ५०० दाना<br>आलु बीउ अन्य स्तर — २०<br>बीउ उत्पादनमा संलग्न कृषक/कृषक समूह/कृषि सहकारीले आवेदन पेश गर्न सक्ने ।<br>एकल वा समूहमा बीउ उत्पादन गर्न सकिने तथा सामूहिक बीउ उत्पादन कलष्टरमा गर्नु पर्ने।<br>बीउ विजन उत्पादन तथा कारोबार गर्ने अनुमति पत्र लिएको हुनु पर्ने वा त्यस्तो संस्थासँग समन्वय गरेको हुनुपर्ने ।<br>स्रोत तथा प्रमाणीत बीउ उत्पादकलाई प्राथमिकता दिइने। | कुल लगातको ५०% अनुदान<br>मूल/प्रजनन बीउ र सामाग्रीको हकमा तपशिलमा उल्लेखित रकममा नबढ्ने गरी अधिकतम ५० % अनुदान रकम उपलब्ध गराईने छ।<br>आलु (पि बि एस १०० दाना) बाट बीउ उत्पादनका लागि रु २५००।<br>अन्य स्तर आलु बीउ उत्पादनमा प्रति रोपनी रु ५०००।<br>खाधन्न।दलहन।तेलहन बीउ उत्पादन प्रति रोपनी रु १५०० अनुदान दिईने । | दोस्रो पटक प्रकाशित सूचना |
| ३ | सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रम | सहकारी संघ/संस्थाहरु मार्फत कृषिजन्य उत्पादन, प्रशोधन, बजारीकरणसँग सम्बन्धित प्रविधिमा आधारित मेसिन, औजार, उपकरण, सामाग्रीमा सहयोग।<br>तालिम/संचालन । | सहकारी संघ। संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नु पर्ने ।<br>नयाँ व्यवसाय सहकारी संघ।संस्थाले आफैले गर्नुपर्ने वा संचालन गर्दै आएको व्यवसाय वा प्रविधि विस्तारसँग सम्बन्धित क्रियाकलापहरु थप गरी संचालन गर्नुपर्ने<br>दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ।संस्थाहरु हुनुपर्ने<br>कानुनले तोकेको समयावधि भित्र वार्षिक लेखा परिक्षण र साधारण सभा सम्पन्न गरेको हुनु पर्ने<br>संस्थाको संचालक समिति र लेखा सुपरिवेक्षण समितीले आयोजना संचालन गर्ने निर्णय गरेको प्रमाणित प्रतिलिपि पेश गरेको हुनु पर्ने। | सहकारी संघ।संस्थाले पेश गरेको प्रस्तावको कुल रकमको ५०% वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने । | पहिलो पटक प्रकाशित सूचना |

निमित्त कार्यालय प्रमुख

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

पत्र संख्या: २०८२/८३
च.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| | | | संस्थाको उद्धेश्य र कार्य प्रस्तावित अवधारणासँग मेल खाएको हुनु पर्ने ।<br>कानुनी रुपमा समस्याग्रस्त नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ।संस्था हुनु पर्ने ।<br>दोहोरो अनुदान नपाएको सम्बन्धी स्वघोषणा पत्र पेश गर्नु पर्ने तर व्यवसाय विस्तार गर्ने कियाकलापहरुको हकमा भने अनुदान उपलब्ध गराउन बाध्य पर्ने छैन ।<br>अनुसुची २६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने ।<br>दुई लाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाईने छैन ।<br>सहकारी संघ।संस्था छनौटका आधार अनुसुची २७ बमोजिम हुनेछ । | | |

<u>संलग्न गर्नु पर्ने कागजातहरू:</u>

१. प्रस्तावकको निवेदन (अनुसूचि २३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि २४ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको हालसालै तिरो तिरेको रसिद।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताब माग गर्न गरिएको निर्णयको प्रतिलिपि (समूह/सहकारी)।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि ।
९. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।
१०. सहकारी मार्फत कृषि रुपान्तरण कार्यक्रमका लागि अनुसुची २६ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्ने ।

**पुनश्च:**

१.प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्ने छ।
२. कार्यकम अन्तरगत संञ्चालन गर्न सकिने कियाकलापहरु, मापदण्ड, अनुदानको सिमा सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको फोन नः- ०८१५३००२७, सूचना अधिकारीको सम्पर्क नंः- ९८५८०७०२२५ मा सम्पर्क गर्न सक्नुहुने छ ।
कार्यविधि र सूचना सम्बन्धी विस्तृत विवरण कार्यालयको website:- https://akcbanke.lumbini.gov.np मा हेर्न सकिने छ ।

निमित्त कार्यालय प्रमुख

CamScanner